# संस्थागत अनुदान सम्बन्धी मापदण्ड, २०७७

<u>प्रस्तावना:</u> महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरुलाई नेपाल सरकारबाट प्रदान गरिने संस्थागत अनुदानलाई व्यवस्थित, पारदर्शी र लक्षित वर्गको हितमा उपयोग हुने गरी परिचालन गर्न र सरोकारवालाहरुलाई जवाफदेही तथाउत्तरदायी बनाउन वाञ्छनीय भएकोले,

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको मापदण्ड बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस मापदण्डको नाम "संस्थागत अनुदान सम्बन्धी मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) "अनुदान रकम" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्रदान गरिने सशर्त वा निशर्त अनुदान रकम भन्ने सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ग) "संस्था" भन्नाले महिला, बालबालिका,ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था सम्झनु पर्छ ।

(घ) "काबु बाहिरको परिस्थिति" भन्नाले प्रकोप, महामारी लगायत अन्य संकटजन्य कारणले कार्यसम्पादन गर्न कठिनाइ भएको अवस्था सम्झनु पर्छ ।

## परिच्छेद -२

## <u>उद्देश्य</u>

३. <u>मापदण्डको उद्देश्य:</u> यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, सुरक्षा, उद्धार, राहत, पुनर्स्थापना, भरणपोषण, पुनर्मिलन आदि गराउने कार्यमा विभिन्न संस्थाहरुसँग समन्वय, सहकार्य एवम् साझेदारी गर्नु,

(ख) मन्त्रालयबाट संस्थाहरुलाई प्रदान गरिने अनुदान मन्त्रालयको परिलक्षित उद्देश्य हासिल गर्ने कार्यक्रमहरुमा परिचालन हुने सुनिश्चित गर्नु,

(ग) संस्थागत अनुदान प्रक्रियालाई व्यवस्थित, पारदर्शी र कार्यसम्पादनमा आधारित बनाउनु र

(घ) मन्त्रालयबाट उपलब्ध गराइने अनुदानको प्रभावकारी उपयोगको सुनिश्चित गर्नु ।

४. <u>अनुदान प्राप्त गर्नका लागि आवश्यक योग्यता:</u>

(क) महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गताको क्षेत्रमा कम्तीमा पाँच वर्षदेखि कार्यरत रहेको ।

तर चालु आ. व. को वार्षिक कार्यक्रममा समावेश भइसकेको स्वीकृत संस्थाको हकमा यो शर्त लागू हुने छैन ।

(ख) महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गताको लागि कुनै वस्तु वा सामग्री उत्पादन र वितरण गर्ने संस्थाको हकमा त्यस्तो सामग्री उत्पादन तथा वितरण गरेको कम्तीमा ५ वर्षको अनुभव । साथै त्यस्तो वस्तु वा सामग्री उत्पादन गर्न आवश्यक प्रविधि, प्लान्ट, मेशिनरी तथा जनशक्तिको उपलब्धता भएको ।

तर चालु आ. व. को वार्षिक कार्यक्रममा समावेश भइसकेको स्वीकृत संस्थाको हकमा यो शर्त लागू हुने छैन ।

(ग) कुनै पनि अभियोग तथा अनियमिततामा संलग्न नभएको भनी सम्बन्धित संस्थाबाट स्वीकारोक्ति गरेको ।

(घ) कुनै राजनीतिक दल, विचारधारा तथा धार्मिक आस्थालाई प्रचार तथा प्रचार गर्ने उद्देश्य नबोकेको ।

(ङ) प्रचलित कानून बमोजिम दर्ता भइ कार्यक्रम सञ्चालनको लागि स्वीकृति प्राप्त गरेको।

## परिच्छेद –३

## <u>निवेदन तथा विवरण सम्वन्धी व्यवस्था</u>

५. <u>अनुदानका लागि निवेदन दिनु पर्नेः</u> यस मापदण्ड अनुसार योग्यता पुगेको संस्थाले नेपाल सरकारले उपलब्ध गराउने अनुदानका लागि देहाय बमोजिमका विवरणहरु पेश गरी यस मन्त्रालयमा निवेदन दिनुपर्नेछः-

(क) संस्था दर्ता एवं नविकरणको कागजात,

(ख) कार्यक्रम सञ्चालन गर्न प्रचलित कानून बमोजिम स्थानीय तहको स्वीकृति आवश्यक पर्ने भए स्वीकृति/अनुमति पत्र,

(ग) संस्थाको विधान,

(घ) अनुदान रकम आवश्यकताको पुष्टयाईं,

(ङ) सम्बन्धित संस्थाबाट भएको निर्णयको प्रतिलिपि,

(च) अनुदान रकम उपयोग गरिने प्रस्तावित कार्यक्रम, क्षेत्र, वार्षिक कार्ययोजना,लागत, संस्थाको आन्तरिक स्रोतको अवस्था, प्रस्तुत कार्यक्रममा परिचालन हुने आन्तरिक स्रोतको अंश,प्रशासनिक खर्चको अंश, अपेक्षित प्रतिफल आदि खुल्ने कार्यक्रम प्रस्ताव,

(छ) गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ।

६. <u>प्रथम चौमासिक निकासाका लागि पेश गर्नुपर्ने विवरण</u>: वार्षिक कार्यक्रममा अनुदानका लागि कार्यक्रम स्वीकृत भइ मन्त्रालयको परिलक्षित उद्देश्य हासिल गर्नप्रचलित कानून बमोजिम दर्ता भई कार्य सञ्चालन गरिरहेका संघ संस्थाले प्रथम चौमासिकको निकासाका लागि देहाय बमोजिमका विवरण पेश गरी निवेदन दिनु पर्नेछः-

(क) संस्था दर्ता एवं नविकरण कागजात,

(ख) अनुदान निकासा मागपत्र

(ग) सम्बन्धित संस्थाबाट भएको निर्णयको प्रतिलिपि,

(घ) अनुदान रकम उपयोग गरिने प्रस्तावित कार्यक्रम, क्षेत्र, चौमासिक कार्यान्वयन कार्ययोजना, लागत, संस्थाको आन्तरिक स्रोतको अवस्था, प्रस्तुत कार्यक्रममा परिचालन हुने आन्तरिक स्रोतको अंश, प्रशासनिक खर्चको अंश, अपेक्षित प्रतिफल आदि खुल्ने कार्यक्रम प्रस्ताव,

(ङ) गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(च) गत आर्थिक वर्षको खर्च प्रगति प्रतिवेदन र

(छ) गत वर्षको समग्र वार्षिक कार्यसम्पादन प्रतिवेदन।

७. <u>दोस्रो चौमासिक निकासाका लागि पेश गर्नुपर्ने विवरण</u>: प्रथम किस्ता निकासा प्राप्त गरेको संस्थाले दोस्रो किस्ता निकासाका लागि देहाय बमोजिमका विवरण पेश गरी निवेदन दिनु पर्नेछः-

(क) निकासाको माग पत्र,

(ख) प्रथम चौमासिकमा भएको निकासा रकमर खर्चको विवरण,

(ग) स्वीकृत कार्यक्रमको अपेक्षित उपलब्धि र यथार्थ कार्य प्रगति प्रतिवेदन ।

८. <u>तेस्रो चौमासिक निकासाका लागि पेश गर्नुपर्ने विवरण</u>: दोस्रो किस्ता निकासा प्राप्त गरेको संस्थाले तेस्रो किस्ता निकासाका लागि देहाय बमोजिमका विवरण पेश गरी निवेदन दिनु पर्नेछः-

(क) निकासाको माग पत्र,

(ख) प्रथम र दोस्रो चौमासिकमा भएको निकासारकम र खर्चको विवरण,

(ग) स्वीकृत कार्यक्रमको अपेक्षित उपलब्धि र यथार्थ कार्य प्रगति प्रतिवेदन।

परिच्छेद –४

कार्यक्रम स्वीकृति र निकासा प्रक्रिया

९. कार्यक्रम स्वीकृति र निकासा प्रक्रिया सम्बन्धी व्यवस्था: कार्यक्रम स्वीकृति र निकासा प्रकृया देहाय बमोजिम हुनेछः-

(क) पहिलोपटक अनुदानको लागि संस्थाले पेश गरेको कार्यक्रम स्वीकृत गर्दा मन्त्रालयको उद्देश्य र लक्ष्यमा सहयोग पुग्ने, कार्यक्रमको संचालनको आवश्यकता/ औचित्यता र लागत प्रभावकारिता समेतका आधारमा गर्नु पर्नेछ ।

(ख) संस्थाबाट प्राप्त अनुदान माग निवेदन सहितको प्रस्तावित कार्यक्रमका सम्बन्धमा सम्बन्धित महाशाखाले यस मापदण्ड बमोजिम आवश्यक योग्यता र कागजातहरुको अध्ययन गरी वार्षिक कार्यक्रममा समावेश गर्न वा निकासा दिन योग्य संस्थाहरुको हकमा आवश्यक निर्णयका लागि योजना, नीति तथा अनुगमन शाखामा सिफारिस गर्नुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको सिफारिस प्राप्त भएपछि योजना, नीति तथा अनुगमन शाखाले आवश्यक अध्ययन गरी राय सुझाव केही भए वा थप विवरणहरु माग गर्नुपर्नेकेही भए सम्बन्धित महाशाखालाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ। यस मापदण्ड बमोजिम योग्यता पुगेका र विवरणहरु प्राप्त भएका संस्थाहरुको हकमा अनुदानका लागि वार्षिक कार्यक्रममा समावेश गर्न वा अनुदान निकासा गर्न योजना, नीति तथा अनुगमन शाखाले निर्णयका लागि पेश गर्नुपर्नेछ ।

(घ) संस्थाले प्राप्त गरेको अनुदान रकम संस्थाले आफ्नै बैंक खातामा राखी खर्च गर्नु पर्नेछ ।साथै निकासा माग गर्दा संस्थाको नाममा खोलिएको बैंकको नाम, ठेगाना र बैंक खाता नम्बर उल्लेख गरी पठाउनु पर्नेछ।

(ङ) अत्यावश्यक नपरी विज्ञ सेवामा रकम खर्च गर्न पाइनेछैन । विज्ञ सेवा लिनै पर्ने अवस्थामा त्यसको औचित्यता पुष्ट्याइँ गरेर मात्र लिनुपर्नेछ ।

परिच्छेद –५

सञ्चालन प्रक्रिया

१०. कार्यक्रम संचालन प्रक्रिया: संस्थाले निकासा प्राप्त अनुदान रकमको देहाय बमोजिम उपयोग गर्नुपर्नेछः-

(क) संस्थाको स्वीकृत कार्यक्रमभित्र रही प्राप्त अनुदानरकम खर्च गर्नु पर्नेछ ।

(ख) खर्च गर्दा कामको प्रकृति अनुसार निर्माण कार्यको लागि नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम गर्नुपर्नेछ ।

(ग) संस्थाको प्रशासनिक सञ्चालनका लागि भनी तोकिएको बाहेक अन्यको हकमा अनुदान रकमको बीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न पाइने छैन ।

(घ) संस्थाले आवश्यक पर्ने कुनै मालसमान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने गरी जुनसुकै वस्तु तथा सेवा खरीद गर्दा प्रचलित कानून बमोजिम गर्नु / गराउनु पर्नेछ ।

(ङ) संस्थाले लक्षित/लाभग्राहीले अधिकतम् रुपमा लाभ पाउने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ।

(च) संस्थाले मितव्ययिता, पारदर्शिता तथा लागत प्रभावकारिताका आधारमाकार्यक्रम संचालन गर्नु पर्नेछ ।

(छ) संघ, प्रदेश, स्थानीय तह र समुदायसँगको समन्वय, सहमति, सहभागिता र साझेदारी आवश्यक पर्ने क्षेत्र तथा विषयमा उल्लिखित तह र सरोकारवालाहरुसँगको समन्वय, सहमति, सहभागिता र सहकार्यमा कार्यक्रम सञ्चालन गर्नसक्नेछ ।

(ज) प्राप्त अनुदानको हिसाव प्रष्ट हुने गरी आम्दानी खर्च देखिने गरी राख्नु पर्नेछ।

(झ) संस्थाले प्रचलित कानून बमोजिम लाग्ने कर कट्टी गरेर मात्रै भुक्तानी गर्नु पर्नेछ ।

(ञ) निकासा र खर्च सम्बन्धी कागजातहरु सिलसिलेवार रुपमा तयार गरी आर्थिक विवरण राख्नु पर्नेछ।

(ट) आर्थिक वर्षको अन्त्यसम्ममा पनि अनुदान रकम खर्च गर्न नसकिने भई वा रकम बचत हुने देखिएमा संस्थाले सो रकम चालु आर्थिक वर्षको असार १५(पन्ध्र) गते भित्र यस मन्त्रालयमा फिर्ता गर्नुपर्नेछ ।स्वीकृत रकम खर्च हुन नसक्नु वा नगर्नुको आधार र कारणसहितको प्रतिवेदन मन्त्रालयलाई दिनुपर्नेछ ।

(ठ) अनुदानको रकम लक्षित कार्यक्रममा उपयोग नगरी दुरुपयोग गरेको पाइएमाबाँकी रकम निकासा रोक्का गरिनेछ र आगामी वार्षिक कार्यक्रम/बजेटमा उक्त संस्थालाई अनुदानको लागि समावेश गरिने छैन।

११. <u>चौमासिक किस्ता रकम निकासा रोकिने अवस्थाः</u> चौमासिक किस्ताको निकासा देहाय बमोजिमका अवस्थामा मन्त्रालयले रोक्का गर्न सक्नेछः-

(क) चौमासिक निकासा प्राप्त गरेको संस्थाको चौमासिक अवधिको कार्यसम्पादन सन्तोषजनक र गुणस्तरीय नभएमा ।

(ख) काबु बाहिरको परिस्थिति उत्पन्न भएको अवस्थामा बाहेक सामान्य अवस्थामा भौतिक प्रगति ८० प्रतिशत वा सो भन्दा कम भएमा ।

(ग) तोकिएको अवस्थामा बाहेक अनुदान रकमको २० प्रतिशत भन्दा बढी रकम प्रशासनिक खर्च गरेको पाइएमा ।

(घ) मन्त्रालयले गरेको अनुगमनको क्रममा संस्थाको कार्यसम्पादन संतोषजनक नभएमा वा अनियमितता भएको देखिएको भनी प्रतिवेदन प्राप्त भएमा।

(ङ) मन्त्रालयबाट कार्यक्रम स्वीकृत नगराई खर्च गरेको वा स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रममा खर्च गरेमा ।

(च) मन्त्रालय वा नियामक निकायबाट अनुगमन तथा निरीक्षणको क्रममा संस्थाका पदाधिकारीले अनुदान रकम व्यक्तिगत खातामा जम्मा गरेको पाइएमा वा स्वीकृत कार्यक्रम विपरित हुनेगरी खर्च गरेको देखिएमा वा अनियमिततामा संलग्न भएको देखिएमा।

१२. <u>अनुदान उपलब्ध नगराइने</u>: देहायका बमोजिमका विषयमा अनुदान रकम उपलब्ध गराइने छैनः-

(क) राष्ट्रिय एकता, सांस्कृतिक तथा सामाजिक सद्भावमा खलल पुग्ने प्रकृतिका कार्यक्रम,

(ख) धर्म प्रचार प्रसार वा अन्य कुनै प्रकारका धार्मिक कार्य,

(ग) कुनै राजनीतिक दल विशेषको खास उद्देश्य पूरा हुनेराजनीतिक प्रकृतिका कार्य,

(घ) यस मन्त्रालयको उद्देश्य लक्ष्य नीति र कार्यक्रमसँग मेल नखाने कार्यक्रम,

(ङ) सीमित व्यक्ति वा पारिवारिक रुपमा फाइदा पुऱ्याउने कार्यक्रम र

(च) यस मन्त्रालय बाहेक अन्यत्रबाट प्राप्त अनुदान तथा स्रोतबाट संचालनमा रहेका कार्यक्रम दोहोरोपना देखिएमा ।

## परिच्छेद-६

## <u>विविध</u>

१३. <u>अनुगमन/मूल्याङ्कन</u>: अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले अनुदान प्राप्त संघ संस्थामा नियमित रुपमा अनुगमन गर्न सक्नेछ ।

(ख) अनुगमन गर्दा अनुगमनकर्ताले सम्बन्धित संस्थाले स्वीकृत कार्यक्रम, खर्च र कार्यसम्पादन प्रक्रिया यस मापदण्ड बमोजिम भए नभएको सम्बन्धमा प्रतिवेदन दिनुपर्नेछ ।

(ग) मन्त्रालयबाट गरिने अनुगमनको क्रममा यस मापदण्ड बमोजिम कार्यसम्पादन नभएको पाइएमा निकासा रोक्का रखिनेछ । हिनामिना वा अनियमितता भएको पाइएमा छानविन गरी प्राप्त छानविन प्रतिवेदनको आधारमा प्रचलित कानून बमोजिम कारवाही लागि सम्बन्धित निकायमा पठाउनेछ ।

१४. <u>सम्झौता गर्नुपर्ने</u>: मन्त्रालयले संस्थाहरुलाई पहिलो चौमासिकको अनुदान दिंदा यस मापदण्डको अधिनमा रही अनुदान दिने र लिने दुवै पक्षको कार्य जिम्मेवारी एवम् दायित्व तथा बाँकी चौमासिकको लागि निकासाका शर्तहरु स्पष्ट खुल्ने गरी अनुदान सम्झौता गर्नुपर्नेछ ।

१५. <u>प्रतिवेदन</u>:(१) निकासा प्राप्त भै सोबाट खर्च भएको रकमको चौमासिक रुपमा प्रगति प्रतिवेदन संस्थाले मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(२) मन्त्रालयबाट उपलब्ध हुने संचालन अनुदानको रकमको हिसाव छुट्टै रुपमा राखी सो अनुसार प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) मन्त्रालयले समय समयमा संस्थाले गरेको कार्यको अनुगमन निरीक्षण गर्न सक्नेछ। निरीक्षणको क्रममा मन्त्रालयले दिएका संस्थागत सुधार सम्बन्धी सुझाव तथा निर्देशनहरुको कार्यान्वयन गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१६. <u>संशोधन सम्बन्धी व्यवस्था:</u> यस मापदण्डमा उल्लेखित व्यवस्था थपघट वा संशोधन गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

१७. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस मापदण्डमा उल्लेख भएका विषयको सम्बन्धमा यसै मापदण्ड बमोजिम र अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ।